आज मिति २०८३ भाद्र ११ गते, बिहिबारका दिन केन्द्रीय कार्यालय, कलंकीमा होटल व्यवसायी महासंघ नेपालका अध्यक्ष श्री टी.आर. भण्डारी (शंकर) ज्यूको अध्यक्षतामा काठमाडौं उपत्यकामा उपलब्ध महासंघका पदाधिकारी एवं कार्यसमिति सदस्यहरू, बागमती प्रदेशका अध्यक्ष, जिल्ला होटल व्यवसायी संघ काठमाडौंका अध्यक्ष तथा काठमाडौं उपत्यकामा रहेका स्थानीय आबद्ध संघ–संस्थाका अध्यक्ष एवं प्रतिनिधि ज्यूहरूको उपस्थितिमा आकस्मिक बैठक बसी वर्तमान विपद्को अवस्था, प्रभावित क्षेत्रका नागरिक तथा व्यवसायीहरूलाई आवश्यक राहत तथा मानवीय सहयोग उपलब्ध गराउने विषयमा छलफल भई देहाय बमोजिम निर्णयहरू गरियो।

**<u>उपस्थिति</u>**

अध्यक्ष टि.आर. भण्डारी (शंकर)

प्रशासन (संगठन) उपाध्यक्ष ज्ञान बहादुर गजमेर

उप-महासचिव मित्र प्रसाद ढकाल

प्रशासन सचिव रमेश कुमार बराल

केन्द्रीय सदस्य रामचन्द्र महत

केन्द्रीय सदस्य विष्णु प्रसाद घिमिरे

केन्द्रीय सदस्य शैलेन्द्र विक्रम थापा

केन्द्रीय सदस्य तिलक चापागाई

केन्द्रीय सदस्य रेनुका याक्सो

बागमति प्रदेश अध्यक्ष दामोदर नेपाल

जिल्ला हो.व्य.सं. काठमाण्डौ अध्यक्ष सुरेश बराल

बालाजु हो.व्य.सं. अध्यक्ष सूर्य बहादुर खाती

नेपाल गेष्ट हाउस व्य.सं. बागबजार, अध्यक्ष खगेश्वर सापकोटा

कलंकी होटल एशोसियसन अध्यक्ष कुमार श्रेष्ठ

एकता हो.तथा गेष्टहाउस व्य.सं. गौशाला अध्यक्ष सरोज आले

आमन्त्रित सदस्य नरेश्वर गौतम

**प्रस्तावहरुः**

१. HPFN विपद् राहत अभियान तथा राहत सहयोग कोष स्थापना सम्बन्धमा।

२. प्रभावित क्षेत्रको आवश्यकता पहिचान तथा सम्बन्धित निकायसँग समन्वय सम्बन्धमा।

३. सहयोगको पूर्ण पारदर्शिता तथा सार्वजनिक प्रतिवेदन सम्बन्धमा।

४. विविध सम्बन्धमा।

**निर्णयहरुः**

१. प्रस्ताव नम्बर १ माथि व्यापक रुपमा छलफल गर्दा वर्तमान विपद्को अवस्थालाई मध्यनजर गर्दै होटल व्यवसायी महासंघ नेपालको नेतृत्वमा "HPFN विपद् राहत अभियान" सञ्चालन गर्ने तथा राहत तथा मानवीय सहयोगका लागि राहत–सहयोग कोष स्थापना गर्ने निर्णय गरियो। महासंघसँग आवद्ध सम्पूर्ण व्यवसायी, संघ–संस्था तथा शुभेच्छुकहरूलाई अभियानमा यथाशक्य सहयोग गर्न आह्वान गर्ने निर्णय गरियो।

२. प्रस्ताव नम्बर २ माथि व्यापक रुपमा छलफल हुँदा प्रभावित क्षेत्रमा महासंघको प्रतिनिधित्व हुने गरी यथाशीघ्र सम्बन्धित स्थानमा पुगेर वास्तविक आवश्यकता पहिचान, आवश्यक तथ्यांक/डाटा संकलन तथा राहत वितरणको प्राथमिकता निर्धारण गर्ने निर्णय गरियो। साथै, स्थानीय तह, प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरी महासंघका राहत तथा मानवीय सहयोगका गतिविधिहरू प्रभावकारी रूपमा अघि बढाउने निर्णय गरियो।

३. प्रस्ताव नम्बर ३ माथि व्यापक रुपमा छलफल गर्दा राहत अभियान अन्तर्गत संकलन हुने नगद तथा जिन्सी सहयोगको पूर्ण पारदर्शिता सुनिश्चित गर्ने निर्णय गरियो। संकलित रकम तथा सामग्री, खर्च र वितरण सम्बन्धी विवरण व्यवस्थित रूपमा अभिलेख राखी समयमा सार्वजनिक प्रतिवेदनमार्फत जानकारी गराउने निर्णय गरियो।

४. प्रस्ताव नम्बर ४ माथि छलफल हुँदा महासंघको राहत अभियानमा रु.१०,०००।— (दश हजार) भन्दा माथि आर्थिक सहयोग गर्ने कार्यसमिति सदस्य, महासंघमा आबद्ध व्यवसायी तथा सहयोगी व्यक्तित्वलाई महासंघको आधिकारिक डिजिटल पोस्टर/सामाजिक सञ्जालमार्फत धन्यवाद तथा सम्मान व्यक्त गर्ने निर्णय गरियो। साथै, बैठकले विपद्को यस कठिन घडीमा होटल व्यवसायी महासंघ नेपाल मानवीय सेवाको भावनासहित प्रभावित नागरिक तथा व्यवसायीहरूको साथमा दृढतापूर्वक उभिने प्रतिवद्धता समेत व्यक्त गरेको छ।